नेपाल सरकार
संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय
(वातावरण व्यवस्थापन शाखा)

फोन नं. : ०१-४२००३०६
फ्याक्स नं : ०१-४२००२८३
webpage:www.mofald.gov.np
सिंहदरबार, काठमाडौं

पत्र संख्या (वा.व्य.शा.) : ०७३/७४
चलानी नं. : ९०४

मिति:२०७३/९/१९

बिषय : जानकारी दिने सम्बन्धमा ।

श्री जिल्ला विकास समितिको कार्यालय सबै,
श्री काठमाडौं महानगरपालिकाको कार्यालय,
श्री उपमहानगरपालिकाको कार्यालय सबै
श्री नगरपालिकाको कार्यालय सबै ।

प्रधानमन्त्री तथा मन्त्री परिषद्को कार्यालय, योजना तथा अनुगमन शाखाबाट मिति २०७३/९/४ को सिधा कुरा प्रधानमन्त्री सँग कार्यक्रमको जिज्ञासा सम्बन्धमा जानकारी दिने बारेको संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयलाई लेखिएको पत्र तथा संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयको मिति २०७३/९/१२ च.नं. ३२१ को स्थानीय निकायबाट जानकारी दिने व्यहोराको यस मन्त्रालयमा प्राप्त पत्रको प्रतिलिपि यसै साथ संलग्न छ । उक्त पत्रमा उल्लेख भएअनुसारको जिज्ञासा तथा अन्य क्षेत्रहरुमा यस्तै बिषयको बारेमा जानकारी माग भएमा उपलब्ध गराउनुहुन आदेशानुसार अनुरोध गर्दछु ।

श्री सूचना शाखा: पत्र वेव साइटमा राखिदिनुहुन ।

०७३/९/१९

एकदेव खनाल
शाखा अधिकृत

नेपाल सरकार

# संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय

(योजना तथा मुल्याङ्कन महाशाखा)

www.tourism.gov.np
Email:info@tourism.gov.np
फ्याक्स नं. : ४२११७५८
एक्सचेञ्ज नं. : ४२११९९६, ४२११७८४, ४२११८२५,
४२११८६६, ४२११८७३, ४२११९०९
मन्त्री : ४२११८७९

पत्र सँख्या :- ०७३।७४
च.नं. :- ३२७

सिंहदरबार, काठमाडौं, नेपाल।
मिति: २०७३।९।१२

श्री संघिय मामिला तथा स्थानिय विकास मन्त्रालय,
सिंहदरवार, काठमाडौं ।

विषय: सिधा कुरा प्रधानमन्त्रीसंग कार्यक्रमको जिज्ञासा सम्वन्धमा जानकारी दिने वारे ।

प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, योजना तथा अनुगमन शाखाको प.सं. यो.अ.२०७३।७४ च.नं. ६२-२०७३।७४-३५४३ मिति २०७३।९।४ को सिधा कुरा प्रधानमन्त्रीसंग कार्यक्रमको जिज्ञासा सम्वन्धमा जानकारी दिने वारेको पत्रको प्रतिलिपि पाना १ (एक) यसैसाथ संलग्न छ । सो सम्वन्धमा पत्रमा उल्लेखित विषय सम्वन्धित क्षेत्रका स्थानिय निकायवाट जानकारी लिन सक्ने भएकोले तहाँ मन्त्रालय मार्फत स्थानिय निकायहरुमा पत्राचार हुन आदेशानुसार अनुरोध छ ।

लक्ष्मण कुईकेल
शाखा अधिकृत

बोधार्थ:-

श्री प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय,
योजना तथा अनुगमन शाखा, सिंहदरवार, काठमाडौं:- तहाँको प.सं. यो.अ.२०७३।७४ च.नं. ६२-२०७३।७४-३५४३ मिति २०७३।९।४ को पत्रका सम्वधमा ।

नेपाल सरकार

# प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

(योजना तथा अनुगमन शाखा)

सिंहदरबार, काठमाडौं

नेपाल

पत्र सङ्ख्या- यो.अ.२०७३/७४

च.नं.: ६२-२०६३/६८-२४८३

मिति:२०७३/०९/०४

विषय: सिधा कुरा प्रधानमन्त्रीसँग कार्यक्रमको जिज्ञासा सम्बन्धमा जानकारी दिने बारे ।

श्रीमान् सचिवज्यू,
संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय, सिंहदरबार।
श्रीमान् सचिवज्यू,
संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय,सिंहदरबार।

नेपाल टेलिभिजनबाट प्रशारण भैरहेको 'सिधा कुरा प्रधानमन्त्रीसँग' कार्यक्रमको मिति २०७३।०९।०२ गते (भाग २५) को कार्यक्रममा श्री रामगुलाम साहले धनुषाबाट तराई मधेसमा वर्षौ पहिले खनिएका पोखरी तालहरुको संरक्षण सम्बन्धमा प्रधानमन्त्रीज्यूसमक्ष तपसीलको विषय प्रस्तुत भएको छ । सम्माननीय प्रधानमन्त्रीज्यूबाट आगामी कार्यक्रममा सो विषयमा समेत सबै नागरिकलाई थप जानकारी गराउनु पर्ने भएको छ।

निज गुनासोकर्ता र यस विषयमा तहाँ मन्त्रालयबाट हालसम्म भए गरेका प्रयास तथा उपलब्धीहरू एवं कार्ययोजना भए सो समेत आगामी बिहीबार १२:०० बजे सम्म निम्न ठेगानामा उपलब्ध गराइदिनुहुन आदेशानुसार अनुरोध गर्दछु।

**तपसील**

*तराई मधेसमा वर्षौं पहिले खनिएका पोखरी र तालहरु अहिले आएर मेरा पुर्खाहरुले बनाएका हुन् भन्दै धमाधम पुर्ने क्रम सुरु गरिएको छ । यसबाट खानेपानी, सिंचाई, पानी भण्डारण, पर्यावरण लगायतमा समस्या पर्ने देखिन्छ । महोत्तरी जिल्लामा सामाजिक उद्देश्यले खनिएका पोखरीहरु निजीकरण गरिएपछि यो क्रम मधेस भर सुरु भएको हो । उपरोक्त समस्या समाधान गर्न सरकारले ध्यान देओस् ।*

निम्न-
regmi.damodar@nepal.gov.np
**rpacharya@nepal.gov.np**

अनिता कोइराला
शाखा अधिकृत

बोधार्थ,
श्री व्यवस्थापन तथा जनशक्ति विकास महाशाखा,
श्री प्रधानमन्त्री सम्पर्क शाखा,
प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय।

टेलिफोन: ४२११०७३,४२१११०१ फ्याक्स: ४२११०६५, पो.ब.नं.: २३३१२, काठमाडौं, नेपाल
वेब साइट: http://www.opmcm.gov.np